# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ मंसिर १८ गते

**मानव अधिकार रक्षकमाथि भएको आक्रमणको आयोगद्वारा भर्त्सना**

**अनुगमनमा रहेका पाँचै टोलीलाई फिर्ता हुन आदेश**

राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार अधिकृत नितु गड्तौलाको नेतृत्वमा मधेश आन्दोलनको अनुगमनमा खटिएको मन्दिरा श्रेष्ठ, विभा ढुङगाना र श्रीराम कार्की लगायतको टोलीमाथि २०७२ मंसिर १७ गते सर्लाही नवलपुरको जुटपानीमा आन्दोलनकारीले आक्रमण गरी गाडी, क्यामरा, महत्वपूर्ण कागजपत्र र अनुगमनमा प्रयोग गरिने ज्याकेट जलाइदिएको घटनाको सम्बन्धमा मंसिर १८ गते बसेको आकस्मिक बैठकले घोर भर्त्सना गरेको छ।

आयोगले मधेश आन्दोलनका क्रममा मानवअधिकारको परिपालन गर्न गराउन आवश्यकता अनुसार आयोगका सदस्यकै नेतृत्वमा समेत स्थलगत अनुगमन गरी यथार्थ र निष्पक्ष प्रतिवेदन सार्वजनिक गरिआएको सबैमा विदितै छ। प्रतिवेदनमा सरकार तथा आन्दोलनकारी दलहरुलाई मानव अधिकारप्रति संवेदशील हुन, सर्वसाधारण, संचारकर्मी, मानवअधिकार रक्षक तथा एम्बुलेन्स जस्ता मानवीय सेवामा खटिएका सवारीमा समेत आक्रमण गरी जनधनको क्षति पुऱ्याउने कार्य अविलम्ब रोक्न र शान्तिपूर्ण रुपमा आफ्नो कार्यक्रम संचालन गर्न आयोगले आग्रह गरिआएको छ।

आन्दोलनकारी मोर्चाका केन्द्रीय नेतृत्व स्वयमले आयोगमा उपस्थित भई मधेश आन्दोलनको निरन्तर अनुगमन गरिदिन लिखित तथा मौखिक अनुरोध समेत गरिएको सन्दर्भमा यस किसिमका वर्वरतापूर्ण घटना हुन जानुबाट आयोग गम्भीर छ। नेपालको संविधान, नेपाल पक्ष भएको मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र १९९८, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धी र प्रचलित कानून विपरीत सर्वसाधारण, संचारकर्मी मानव अधिकार रक्षक र मानवीय सेवामा खटिएका व्यक्तिमाथि आक्रमण, तोडफोड र आगजनी गर्ने तथा क्षति पुऱ्याउने व्यक्तिहरुको सम्बन्धमा तत्काल अनुसन्धान गरी दोषी माथि कानूनबमोजिम कारबाही गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

विगतमा पनि अनुगमनको कार्यमा कहि कतैबाट व्यवधान नपुऱ्याइएको तथ्य स्मरण गराउँदै हालको आन्दोलनमा बिरामी बोकेका एम्बुलेन्स जलाउने, जिउँदै मान्छे जलाउने र औषधि बोकेको सवारी साधन जलाउने जस्ता कार्यको आयोग निन्दा समेत गर्दछ। समस्त मानव अधिकार रक्षक विरुद्ध भएको यस्ता आक्रमणका दोषी पत्ता लगाउन आन्दोलन आव्हानकर्तालाई आयोग आग्रह गर्दछ।

साथै, जीवनको अधिकार, स्वास्थ्य, शिक्षा, खाद्यान्न लगायतका आधारभूत सेवामा अवरुद्ध गर्ने र मानव अधिकार रक्षक, संचारकर्मी र मानवीय सेवामा कार्य गर्ने व्यक्ति तथा निकायको सुरक्षा र संरक्षण गर्नका लागि आयोग नेपाल सरकार र सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउँदछ।संविधान प्रदत दायित्व निर्वाह गर्नसक्ने वातावरण नभएसम्मका लागि आयोगले हाल अनुगमनमा रहेका टोलीलाई यथास्थानबाट फिर्ता बोलाएको छ।तराई मधेशमा भइरहेको आन्दोलनको बारेमा संयुक्त राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय समूदायले पटक-पटक चासो व्यक्त गरिरहेको सन्दर्भमा यस्ता घटनाबाट आन्दोलनको क्रममा आयोगबाट भइरहेको स्वतन्त्र अनुगमनको कार्यमा समेत गम्भीर प्रभाव परेको आयोगको निष्कर्ष छ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org